फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## कृषि विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

सूचना नं ६/०८१/८२

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०७**

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस केन्द्रको कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरु (कृषक समुह, कृषि कार्यमा संग्लग्न सहकारी, फर्म/कृषि कम्पनीहरु) लाइ ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन(मिति २०८१/०७/२७)सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन **"एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१"** को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/ को **आयोजना/कार्यक्रम माग आवेदन फारम** (आयोजना / कार्यक्रम माग आवेदन फारम) भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रमको **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु पुर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | प्रति क्लष्टरको न्यूनतम मापदण्ड | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | लसुन प्याज प्रवर्द्धन कार्यक्रम | पटक | २ | २५ | १ हेक्टर/प्रति सदस्य १ रोपनी | |
| २ | मौरी प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | १० | ५० घार/प्रति सदस्य ५ घार सेराना मौरी र १० घार मेलिफेरा मौरी | |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४४ | ८८ | १ हेक्टर/प्रति सदस्य १ रोपनी | |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | प्रति क्लष्टरको न्यूनतम मापदण्ड | कैफीयत |
|---|---|---|---|---|---|---|
| ४ | सुन्तला जात फलफूल बगैंचा स्थापना/पुनस्थापना एवं क्षेत्र विस्तार | हेक्टर | २० | ४० | १ हेक्टर/प्रति सदस्य १ रोपनी | |
| ५ | कफि प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग | हेक्टर | १५ | ३० | १ हेक्टर/ प्रति सदस्य १ रोपनी | |
| ६ | खाद्य सुरक्षा अभिवृद्धिका लागि चैते धान खेति प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | २ हेक्टर/प्रति सदस्य २ रोपनी | |
| ७ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | २ हेक्टर/प्रति सदस्य २ रोपनी | |
| ८ | गोठेमल/भकारो सुधार कार्यक्रम | संख्या | ६० | १५ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| ९ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १० | १० | १ हेक्टर/प्रति सदस्य १ रोपनी | |
| १० | साना सिंचाइ निर्माण कार्यक्रम | संख्या | २२ | ६६ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| ११ | बाँझो खेतमा साना सिचाइ कार्यक्रम | संख्या | ३ | ९ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| १२ | संरक्षित संरचनामा गोलभेडा खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | ३५ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| १३ | लाहा खेती प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| १४ | मसिनो धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | २ हेक्टर/ प्रति सदस्य २ रोपनी | |
| १५ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे.टन | ५० | ५ | कार्यविधिमा उल्लेख भए बमोजिम | |
| १६ | स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्वन सहयोग | संख्या | १ | १० | कार्यविधिमा उल्लेख भएबमोजिम | |

<u>प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. रु १० को टिकट टाँस सहित कार्यक्रम उल्लेख गरिएको निवेदन माग फारम,

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

२. कार्यविधिको अनुसुचि ४ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्तावना पत्र ।

३. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र पत्रको प्रतिलिपि, कार्यक्रम माग, संचालन सम्बन्धि र अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छाँयाकपी।

४. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपी।

५. समुह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु

६. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सम्बन्धि आवश्यक सिफारिस पत्र।

७. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपि

८. कम्तिमा पाँच वर्ष कार्यक्रम सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने प्रतिबद्धता पत्र।

९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामका लागि सहयोग लिए/नलिएको स्व-घोषणा।

१०. कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

पुनश्चः

- अनलाइन मार्फत प्रस्ताव पेश गर्ने आवेदकहरुले उल्लेखित सम्पूर्ण कागजातहरु अनलाइन प्रणाली मार्फत नै पेश गर्नुपर्नेछ, इमेल मार्फत पेश गर्न पाइने छैन र प्रारम्भिक चरणमा छनौट भएको खण्डमा पेश गरेका सक्कल कागजातहरु स्थलगत प्रमाणिकरणका क्रममा अनिवार्य देखाउनुपर्नेछ अन्यथा आवेदक छनौटको लागि अन्तिम मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- एक भन्दा बढी कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुले अनिवार्य रुपमा छुट्टा छुट्टै अनुसुचि ४ बमोजिमको प्रस्ताव फारम पुर्ण रुपमा भरेको हुनुपर्नेछ साथै आवेदकहरुले जिल्लाले निर्धारण गरेका प्राथमिकता प्राप्त बालीका पकेट सुहाउदो कार्यक्रममा मात्र आवेदन दिनुपर्ने छ।
- विगत तीन आ.व.मा कुनै पनि कार्यक्रममा छनौट नभएका आवेदकलाई प्राथमिकता दिइनेछ।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख